का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ फागुन २०७८,
मंगलबार
8 March 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# एकता जोगाउन ‘अनिर्णय’

एमसीसी पास गर्दाको असन्तुष्टि पदाधिकारी चयनमा थपिँदा पार्टी फुटतर्फ उन्मुख हुन सक्ने माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको बुझाई अनुसार अगाडि बढ्दा पार्टीको सिंगो केन्द्रीय समिति नै अनिर्णित हुन पुगेको छ ।






अब पदाधिकारी चयनको विषयमा आगामी जेठ २० गतेको बैठकपछि मात्रै छलफल हुन्छ । अहिले हामीले चाहेर पनि समय अभावका कारण पदाधिकारी चयनमा जान सकेनौं ।

**वर्षमान पुन**
नेता, माओवादी केन्द्र

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ फागुन ।

नेकपा माओवादी केन्द्र तत्काल पदाधिकारी चयनमा केन्द्रीत नहुने भएको छ । पार्टीको पदाधिकारी चयनका लागि भन्दै फागुन २० गतेदेखि शुरु भएको बैठक मुख्य एजेण्डामै अनिर्णित भएर सकिएको हो । माओवादी केन्द्रका नेताहरुका अनुसार, पार्टीभित्र अन्तरसंघर्षका कारण केन्द्रीय समिति पदाधिकारी चयनमा केन्द्रीत नै हुन सकेन ।

पछिल्लो समय अमेरिकी सहयोग सम्बन्धी सम्झौता एमसीसी अनुमोदनको विषयलाई लिएर नेता नारायणकाजी श्रेष्ठ असन्तुष्ट छन् । पार्टी नै फुटाउन तयार भएका नेता श्रेष्ठले पदाधिकारीमा आफुले माग गरे अनुसार, नपाए पार्टी विभाजन गर्ने अर्को अवसर लिन सक्थे ।

तर, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पार्टी फुटबाट जोगाउन चाहन्छन् । यसकारण उनले तत्काल पदाधिकारी चयनको विषयलाई आगामी स्थानीय तहको चुनावपछि धकेल्न खोजे । सोही अनुसार अर्को केन्दीय समितिको बैठक आगामी जेठ २० गते बस्ने निर्णय नै भएको नेता बर्षमान पुनले जानकारी दिए ।

नेता पुनका अनुसार जेठ २० गते बस्ने बैठकमा एमसीसीलाई लिएर पार्टीमा आएको फरक मतबारे पनि छलफल हुनेछ । र पदाधिकारी चयन लगायतका विषयमा सोही बैठकबाट अगाडि बढ्नेछ । ‘अब पदाधिकारी चयनको विषयमा आगामी जेठ २० गतेको बैठकपछि मात्रै छलफल हुन्छ । अहिले हामीले चाहेर पनि समय अभावका कारण पदाधिकारी चयनमा जान सकेनौं’ नेता पुनले भने ।

विधानत माओवादी केन्द्रले पदाधिकारी चयन गरेर पदाधिकारीहरु रहने गरी केन्दीय कार्यालय, स्थायी समिति र पोलिटब्युरो गठन गर्नुपर्ने हुन्छ । तर, यहि विषयमा – बाँकी पृष्ठ २ मा

**कोरोनाबाट बचौं र बचाऔं**

- पारिवारिक भेटघाट र सामाजिक जमघटमा जानुअघि एकपटक ख्याल गरौं
- आफूलाई संक्रमणको शंका लागेमा सार्वजनिक भेटघाट बन्द गरौं ।
- संक्रम पुष्टि भएपछि अलग्गै बसौं र सम्पर्कमा रहेकालाई जानकारी गराऔं ।
- कतै हामी आफै रोग फैलाउने कारण त बनिरहेका छैनौं ?

*सचेत बनौं,*
*ससाना कुरामा ध्यान दिँदा ठूला जोखिमबाट जोगिन र जगाउन सकिन्छ ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# नारामा सीमित नारी दिवस

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २३ फागुन ।

८ मार्चका दिन देशभर भव्य रुपमा अर्न्तराष्ट्रिय नारी दिवस मनाएपनि महिलाका वास्तविक मुद्दा भने अझै ओझेलमा छन् । केही पढेलेखेका बुज्रुक समुदायले एक दिन कार्यक्रम गर्ने अनि वर्षभर ओझेल पर्ने प्रवृत्तिका कारणा वास्तविक मुद्दा बाहिर आउन नसकेको हो ।

अहिले पनि अधिंकाश महिलाहरु सामाजिक, आर्थिक, राजनैतिक र अन्य विषयबाट बञ्चित छन् । तर, तिनलाई कसरी स्थापित गराउने र हिंसामुक्त समाज निर्माण गर्नेमा सरोकारवालहरु चिन्तित देखिदैंनन् । बरु, एकदिने कार्यक्रममा सहभागी हुने केही एजेण्डामा भाषण दिने अनि ताली पड्काएर घर फर्किनेहरुको जमात थुप्रो भेटिन्छ ।

तर, केही महिला अधिकारकर्मीहरु भने भाषणमा भन्दा पनि नीति नियम व्यवहारमै लागू हुनुपर्ने बताउँछन् । ‘अहिले धेरै विषयहरु भाषणमै सीमित छन्, अधिकारका विषयहरु व्यवहारमा लागु भए मात्रै महिलाका मुद्दा सम्बोधन हुनसक्दछन्, अन्यथा बोलीमा मात्रै सीमित हुन्छ,’ महिला अध्ययन केन्द्रका सदस्य एवं नेतृ सीता ओझा – बाँकी पृष्ठ २ मा

# अब सुनुवाइ अनिवार्य

विभिन्न आयोगमा संवैधानिक परिषद्बाट सिफारिस गरेर संसद विघटन गरी संसदीय सुनुवाइ समिति नै नभएको अवस्थामा समेत ४५ दिने हदम्याद देखाएर नियुक्ति दिलाएपछि चर्को आलोचना भएको थियो ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ फागुन ।

संवैधानिक नियुक्ति कार्यान्वयन पूर्व संसदीय सुनुवाइ अनिवार्य हुने भएको छ । संवैधानिक परिषद्, न्याय परिषद् र मन्त्रिपरिषद्बाट नियुक्ति सिफारिस भएपछि संघीय संसदको संसदीय सुनुवाइ समितिले ४५ दिनभित्र संसदीय सुनुवाइ गरिसक्नुपर्ने अन्यथा स्वत: नियुक्त हुने कानूनी व्यवस्था छ ।

**संवैधानिक नियुक्ति**

यही ४५ दिने हद म्याद हटाएर नेपाल कानून आयोगले संवैधानिक नियुक्ति कार्यान्वयन पूर्व संसदीय सुनुवाइ अनिवार्य हुने गरी ‘संसदीय सुनुवाइ सम्बन्धी संघीय ऐन २०७८’ को मस्यौदा तयार पारेको हो ।

संविधानले संवैधानिक नियुक्तिमा संसदीय सुनुवाइ अनिवार्य गरेको भएपनि संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावलीले सिफारिस गरेको म्याद ४५ दिन नाघे सुनुवाइ गर्नु नपर्ने भनी हदम्याद राखेको छ ।

संविधानको धारा २९२ मा संसदीय सुनुवाइ सम्बन्धी व्यवस्था छ ।

जहाँ संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनुअघि संसदीय सुनुवाइ हुनुपर्ने उल्लेख छ ।

तर संसद कार्य सञ्चालन नियमावलीको नियम २६ मा ४५ दिने हदम्याद राखिएको छ ।

‘...प्राप्त नामावलीमाथि समितिले सम्बन्धित निकायबाट पत्र प्राप्त भएको मितिले ४५ दिनभित्र सुनुवाइ गरी प्रस्तावित पदका लागि समितिको राय तयार गरी सम्बन्धित निकायमा पठाउनुपर्नेछ । उक्त समयभित्र समितिले सम्बन्धित निकायमा आफ्नो निर्णय उपलब्ध गराउन नसकेमा सुनुवाइका लागि पठाइएको पदमा नियुक्तिका लागि कुनै बाधा पुग्ने छैन’, नियम २६ को २ (१) मा छ । यही कानूनी छिद्र प्रयोग गरेर तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले विभिन्न निकायमा ५२ जनालाई बिना संसदीय सुनुवाइ नियुक्ति दिलाएका थिए ।

विभिन्न आयोगमा संवैधानिक परिषद्बाट सिफारिस गरेर संसद विघटन गरी संसदीय सुनुवाइ समिति नै नभएको अवस्थामा समेत ४५ दिने हदम्याद देखाएर नियुक्ति दिलाएपछि चर्को आलोचना भएको थियो ।

ती नियुक्ति संविधानअनुसार बदरयोग्य रहेको भनी सर्वोच्च अदालतमा मुद्दा परेको छ । तर, ती मुद्दाहरू एक वर्षभन्दा लामो समय (२०७७ पुस) देखि सर्वोच्च अदालतमा विचाराधीन छन् ।

यही बेला संवैधानिक नियुक्तिपूर्व संसदीय सुनुवाइ अनिवार्य हुने गरी नेपाल कानून आयोगले कानूनको – बाँकी पृष्ठ २ मा

# चुनावमा होमिदै दलहरू

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २३ फागुन ।

नेकपा माओवादी केन्द्रले प्रदेश इन्चार्ज तोक्ने, केन्द्रीय सदस्य मनोनीत लगायतबारे निर्णय गर्दै केन्द्रीय समिति बैठक स्थगित गरेको छ । गएको पुस दोस्रो साता सम्पन्न आठौं राष्ट्रिय महाधिवेशनबाट २९९ सदस्यीय केन्द्रीय समिति बनाउने निर्णय गरेको थियो । महाधिवेशन हलबाट २३६ जना केन्द्रीय सदस्य चयन गरेको थियो । सोमबार थप ५० जना केन्द्रीय समितिमा मनोनीत भएका छन् ।

> आगामी वैशाख ३० गते हुने स्थानीय चुनावको तयारीमा दलहरु बिस्तारै जुटेका छन् । चुनावमा असर पर्ने देखिएकैले सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रले पदाधिकारी चयनलाई धकेल्दै अर्को बैठक जेठमा मात्रै राख्ने निर्णय गरेको छ ।

यसबाहेक माओवादी केन्द्रले प्रदेश इन्चार्ज तोक्ने निर्णय गरेको छ । प्रदेश-१ मा राम कार्की, मधेश प्रदेशमा गणेश शाह, बागमतीमा हितमान शाक्य, गण्डकीमा हितराज पाण्डे, लुम्बिनीमा चक्राणि खनाल, कर्णालीमा कालीबहादुर मल्ल र सुदूरपश्चिम प्रदेशको इन्चार्जमा खगराज भट्टलाई तोकेको छ । सम्पर्क समन्वयको इन्चार्ज डिलाराम आचार्य र उपत्यका विशेष समन्वय प्रदेशको इन्चार्ज लिलामणि पोखरेल तोकिएको छ ।

तर माओवादी केन्द्रले पदाधिकारी चयन भने गर्न सकेन । पदाधिकारी टुंग्याउनेगरी बसेको बैठक अनिर्णित हुनुमा भने एमसीसी अनुमोदन भएपछि विवाद उत्पन्न हुनु हो । पदाधिकारी चयन रोकेर माओवादी केन्द्रको अर्को बैठक जेठ ३० गते बस्ने माओवादी केन्द्रले जनाएको छ । अर्थात् माओवादी केन्द्र आन्तरिक समस्या स्थगित गरेर चुनावमा होमिने भएको छ । चुनावलाई – बाँकी पृष्ठ २ मा

# छिटो कामदार लिन कोरियासँग श्रममन्त्रीको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ फागुन

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले ईपीएस अन्तर्गत रोजगारीका लागि कोरिया जाने पर्खाइमा रहेका नेपाली युवालाई छिटो पठाउने सम्बन्धमा कोरियाली पक्षसँग छलफल गरेका छन् ।

मन्त्री श्रेष्ठले मन्त्रालयमा सोमबार कोरियाको मानव संशाधन विकास बोर्ड (एचआरडी) कोरियाका नेपाल प्रतिनिधि किम उन डकसँग भेट गरी रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत भाषा र सीप परीक्षा उत्तीर्ण गरी दक्षिण कोरिया जाने पर्खाइमा ठूलो संख्यामा नेपाली युवाहरु रहेकोले छिटो लैजाने वातावरण बनाउन आग्रह गरे ।

मन्त्री श्रेष्ठले व्यावसायिक उडान खुला गरी छिटो पठाउने प्रवन्ध गर्न कोरियाली पक्षसँग आग्रह गरेका छन् । अहिले महंगोमा चार्टर उडानमार्फत नेपाली कोरिया गइरहेका छन् । व्यावसायिक उडान खुला भएपछि कम शुल्कमा जान पाउनेछन् ।

एचआरडी कोरियाका नेपाल प्रतिनिधि डकले अहिले दक्षिण कोरियामा कोरोना भाइरस संक्रमण तीव्र रुपमा फैलिरहेको बताउँदै त्यसले समस्या भएको भनाइ राखेको मन्त्री श्रेष्ठको निजी सचिवालयले जनाएको छ । विदेशी श्रमिक अनिवार्य क्वारेन्टिन बस्नुपर्ने भएकोले क्वारेन्टिन अभावले धेरै श्रमिक एकैपटक लैजान नसकिएको उनले बताए । व्यावसायिक उडान खुला गर्न आवश्यक प्रक्रिया शुरु गरिएको जानकारी – बाँकी पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

## एयरपोर्टको श्रम डेस्क हट्दै

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले आगामी बुधबारदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित श्रम डेस्कबाट ई-स्टिकरमा छाप लगाउने व्यवस्था हटाउने भएको छ । विभागका निर्देशक कृष्णप्रसाद भूसालले उक्त जानकारी दिएका हुन् ।

वैदेशिक रोजगारीमा जाने कामदारले श्रम स्वीकृति निस्साको रूपमा क्युआर कोडसहितको ई-स्टिकर पाउने गरेका छन् । विभागले उक्त स्टिकर वैदेशिक रोजगारीमा जाने सम्बन्धित कामदारको इमेल तथा कामदारको फेमिस एकाउन्टमा नै ई-स्टिकर उपलब्ध हुने र श्रम स्विकृतिको जानकारी कामदारको मोबाइलमा एसएमएसमार्फत उपलब्ध हुने भन्दै आफुलाई प्राप्त क्युआर कोड सहितको ई-स्टिकर अनिवार्यरूपमा मोबाइलमा डाउनलोड गरेर राख्न वा ई-स्टिकर प्रिन्ट गरेर साथमा राख्न आग्रह गरेको छ ।

यसअघि श्रम डेस्कले सोही प्रिन्ट प्रतिमा छाप लगाइदिने गरेको थियो । अब वैदेशिक रोजगारीमा जाने कामदारले लेबर डेस्कको झन्झट व्यहोर्नुपर्ने छैन । पहिलोपटक वैदेशिक रोजगारमा जाने कामदार कतिपय कर्मचारीको बदनियतले भरिएको रूखो व्यवहारबाट – बाँकी पृष्ठ २ मा

## मलेसियामा १६ नेपाली पक्राउ

**काठमाडौं/मस–** मलेसियामा गैरकानूनी हैसियतले बसेका १६ जना नेपाली कामदार पक्राउ परेका छन् । जोहरबारू क्षेत्रमा गैरकानूनीरूपमा बसेका विदेशी कामदारविरूद्ध गरिएको धरपकडमा नेपालीसहित ८६ जना विदेशी कामदार पक्राउ परेको स्थानीय सञ्चार माध्यमहरुले उल्लेख गरेका छन् ।

मलेसियाको प्रहरीले जोहरबारूको सेनाई औद्योगिक क्षेत्रमा गैरकानूनी कामदारविरुद्ध आइतबार रातिदेखि अपरेसन शुरू गरेको बताइएको छ । मलेसियामा प्रहरीले विगत एक महिनादेखि गैरकानूनी हैसियतले बसेका आप्रवासी कामदारका बारेमा निगरानी गरेको पनि स्थानीय सञ्चार माध्यमहरूले उल्लेख गरेका छन् ।

पक्राउ परेकालाई थप कारबाहीका लागि स्थानीय सेतिया ट्रोपीको अध्यागमन कार्यालयमा राखिएको बताइएको छ ।

**कर्मचारी आवश्यकता**

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

- Manager : 1 Male (Salary- 30,000)
- Documentation: 1 Female (Salary- 15,000)
- PRO: 3 Male (Salary- 15,000)
- Secretary: 1 Female (Salary-20,000)

सम्बन्धित काममा कम्तीमा २ वर्षको अनुभव भइ अंग्रेजी रामो संग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्ने छ ।

**D SQUARED GROUP PVT. LTD.**
Sinamangal, Shambhu Marga, Opposite to Police Beat, Kathmandu
Contact No.: 4495529, 4497767, 9851165905, 9802317975, 9851110238
Email: dsquaredgroup23@gmail.com | Website: www.dsquardgroup.com.np

नोट: एक जना महिला ल्याब टेक्नीसीयन पनि चाहिएकोले सम्पर्क गर्नुहोला ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२४ फागुन २०७८, मंगलबार
8 March 2022, Tuesday

# भरतपुर महानगरले साढे ९४ करोडको प्रशासनिक भवन बनाउँदै

**चितवन/मस**–भरतपुर महानगरपालिकाले अत्याधुनिक सुविधासम्पन्न प्रशासनिक भवन बनाउने भएको छ । महानगरले रु ९४ करोड ३२ लाख ३० हजार २७१ अनुमानित लागतमा नयाँ भवन बनाउन बोलपत्र आह्वान गरेको छ ।



संघीय सरकारबाट रु ३५ करोड र बागमती प्रदेश सरकारबाट ठेक्का कबोल मूल्यको ५० प्रतिशत रकम सुनिश्चितता भइसकेको छ । रकम नपुग भएमा महानगरपालिकाले थप गर्ने छ । भूमिगत (अण्डरग्राउण्ड) पार्किङ सो सहितको सो भवन १४ हजार १५२ वर्गमिटरको हुने छ । संघीय र प्रदेश सरकारसँग बजेटको सुनिश्चितता गरेर भवन निर्माणको प्रक्रिया अघि बढाइएको हो । महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबन्धु सुवेदीले भवन ३० महिनाभित्र सम्पन्न गर्ने गरी बोलपत्र आव्हान गरिएको जानकारी दिए । भवनको भूमिगत तलामा ५० कार र २५० वटा मोटरसाइकल पार्किङ गर्न सकिने क्षमताको छ । भवनसहित दुई बिघा १३ कठ्ठा १६ धुर जमिन रहेको क्षेत्रमा भवन बाहिर पनि पार्किङ र बगैंचा निर्माण गरिने छ ।

भवनमा दुई वटा लिफ्ट हुनेछन् । ज्येष्ठ नागरिक प्रतीक्षा कक्ष, पुस्तकालय, सांस्कृतिक प्रदर्शनी कक्ष, सभाहल, हरेक तलामा दुई/दुई बैठक कक्ष हुने छ । भवनमा १५८ सानाठूला कार्य कक्ष रहने छन् भने २२१ कोठा रहने छन् ।

भवनका हरेक तलामा अपागमैत्री शौचालयसहित प्रत्येक तलामा पुरुष र महिलाका लागि अलग्गै शौचालय रहने छ । पूर्ण अपाङ्गमैत्री सो भवनले आउँदो ६० वर्षसम्म सेवा दिन सक्ने गरी नक्साङ्कन गरिएको सुवेदीले जानकारी दिए । हाल महानगरमा तीन लाख ६९ हजार जनसंख्या रहेको छ ।

# तनहुँका स्थानीयद्वारा दक्षजनशक्तिसहितको बारुणयन्त्रको माग

**प्रकाश अधिकारी/मध्यान्ह**
तनहुँ, २३ फागुन

तनहुँको व्यास नगरपालिकाको भूपाल हार्डवेयरमा लागेको आगो निभाउन चार घण्टा लाग्यो । भूपाल हार्डवेयरको गोदामबाट शुरु भएको आगलागीले ज्योति जनरल सप्लायर्स हुँदै नजिक रहेका घरमासमेत क्षति पुग्यो । आगलागीमा करोडौंको धनमाल क्षति भयो ।




आगलागी भएको केही समयमा व्यास नगरपालिकाको बारुणयन्त्र घटनास्थल पुग्यो । छिर्न नमिल्ने साँघुरो गल्ली, मानिसको भीडभाडले गर्दा बारुणयन्त्र प्रयोगमा केही समय बाधासमेत पुग्यो ।

उक्त घटनाले ठूलो पाठ सिकाएको छ । आगामी दिनमा यस्ता घटनामा थप क्षति हुन नदिन दक्ष जनशक्तिसहित आधुनिक प्रविधिको बारुणयन्त्र तयारी गर्नुपर्ने स्थानीयबासीको माग छ । तनहुँ उद्योग वाणिज्य संघका कोषाध्यक्ष दिनेशकुमार श्रेष्ठले भने, 'न दक्ष जनशक्ति छ नत बारुणयन्त्र नै, पोखराबाट दुई वटा बारुणयन्त्र नआएको भए ठूलो क्षति हुने रहेछ,' उनले भने । स्थानीवासी रजाक मियाँले जिल्लामा पर्याप्त बारुणयन्त्र नभएर अन्यत्रबाट मगाउनुपर्ने अवस्था विडम्बनापूर्ण रहेको बताए । 'सदरमुकाममै यस्तो अवस्था भएपछि भोलि फेरि आगलागीका घटना हुँदा ठूलो क्षति हुनसक्छ, बेलैमा तयारी गर्नुपर्छ,' उनले भने ।

भूपाल हार्डवेयरको टहरा भत्काएर पोखरा, चितवन लगायतबाट मगाइएको बारुणयन्त्र र काठमाडौंबाट ल्याइएको हेलिकप्टरबाट पानी खसालिएको थियो । अधिकांश स्थानीय तहमा बारुणयन्त्र छैन ।

# नागरिकता विधेयकमा सहमति जुटाउन पहल

काठमाडौं/मस-गृहमन्त्री बालकृष्ण खाँणले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा राजनीतिक दलबीच सहमति जुटाउन छलफल सुरु गरेका छन् । छलफलमा सहभागी वक्ताले विधेयकमा पारित नहुँदा धेरै नागरिक शिक्षा, रोजगारीलगायतका राज्यबाट प्राप्त हुने अन्य सेवा सुविधाबाट वञ्चित हुनु परेकाले सदनमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलबीच सहमति कायम गरी यथाशीघ्र निष्कर्षमा पुर्‍याउन सुझाव दिएका हुन् ।



कानून, न्याय तथा संसदीय व्यवस्थामन्त्री दिलेन्द्रप्रसाद बडू, नेपाली कांग्रेसका सचेतक पुष्पा भुसाल, लोकतान्त्रिक समाजवादी पार्टीका सांसद लक्ष्मणलाल कर्ण, महान्यायाधिवक्ता खम्मबहादुर खाती, गृहसचिव टेकनारायण पाण्डे, कानूनसचिव उदयराज सापकोटालगायत आजको छलफलमा सहभागी थिए ।

सो अवसरमा गृहमन्त्री खाँणले नागरिकले आफ्नो मुलुकको नागरिकता प्राप्त गर्नु उसको मूल अधिकार भए पनि नागरिकताको प्रमाणपत्र नभएर समस्या खेपिरहेकालाई सहजरूपमा नागरिकता उपलब्ध गराउन दलहरुबीच सहमति जुटाउने प्रयास भइरहेको बताए । उनले सरकार सदनमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सहमतिमा विधेयक पेस गर्ने पक्षमा सरकार रहेको जानकारी दिए । गृहमन्त्री खाँणले पहिला सबै राजनीतिक दलका सांसदबीच सहमति खोज्ने प्रयास गर्ने र त्यसपछि शीर्ष तहमा छलफल गरेर अघि बढ्ने बताएका मन्त्रीका प्रेस संयोजक मधुसुधन भट्टराईले जानकारी दिए । कानून, न्याय तथा संसदीय व्यवस्थामन्त्री बडूले शीर्ष तहमा राजनीतिक सहमति जुटाएर विधेयक संसद्मा पेस गरिने बताए ।

नेपाली कांग्रेसका सचेतक भुसालले संविधानले दिएको नागरिकता प्राप्त गर्ने अधिकारलाई कार्यान्वयन गर्नेगरी विधेयकलाई अगाडि बढाउनुपर्ने बताइन् । उनले बाबु र आमा नेपाली नागरिकता भएका छोरीछोरीलाई वंशजको नागरिकता दिने व्यवस्था गरिनुपर्ने बताइन् । लोकतान्त्रिक समाजवादी पार्टीका सांसद् कर्णले नागरिकता विधेयक अत्यावश्यक भएको जनाउँदै तत्काल पारित गर्न आवश्यक रहेको बताइन् । उनले पहिला ऐन पारित गरेर पछि संशोधन गर्दै लैजान सकिने धारणा व्यक्त गरिन् ।

महान्यायाधिवक्ता खातीले संविधानले नागरिकताका विषयमा प्रदत्त गरेको अधिकार नागरिकलाई दिन कानून 'अपडेट' आवश्यक रहेको बताए । नागरिकता विधेयक सहमतिको दस्तावेजका रूपमा अगाडि बढाउन उपयुक्त हुने उनको भनाइ थियो ।

# जसपा कपिलवस्तुका नेता मुसलमान प्रगतिशील पार्टीमा प्रवेश

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, २३ फागुन

जनता समाजवादी पार्टी नेपाल कपिलवस्तुका एक नेता जनता प्रगतिशील पार्टीमा प्रवेश गरेका छन् ।



जसपा नेपालका कपिलवस्तु जिल्ला युवा संघका अध्यक्ष तथा जसपा नेपाल महाराजगंज नगर कमिटी अध्यक्षसमेत रहेका मोहम्मद हई मुसलमान जनता प्रगतिशील पार्टी नेपालमा प्रवेश गरेका हुन् ।

उनलाई पार्टीका महासचिव ईश्वर दयाल मिश्र(वीरेन्द्र मिश्र)ले पार्टीको सदस्यता दिँदै पार्टीमा स्वागत गरेका थिए । कपिलवस्तुमा विभिन्न पार्टी परित्याग गरि जनता प्रगतिशील पार्टी नेपालमा आकर्षित भइरहेका छन् । यस पार्टीले किसानलगायत सम्पूर्ण जनताको हितमा कामगर्ने जनविश्वासका साथ पार्टीमा प्रवेश गर्नेको लहर बढेको छ । जनता प्रगतिशील पार्टी नेपाल कपिलवस्तुका उपाध्यक्ष फरहान खान तथा महासचिव ईश्वर दयाल मिश्रको गृह जिल्ला रहेकाले जनतामा जनता प्रगतिशील पार्टी नेपालको आकर्षक बढ्दो रहेको छ । सो पार्टीका केन्द्रीय अध्यक्ष हृदयेश त्रिपाठी हुन् ।

# हराए बाघ गणना गर्ने स्वचालित क्यामेरा

**कञ्चनपुर/मस**– कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ गणनाका लागि राखिएका स्वचालित क्यामेरा हराएका छन् ।



निकुञ्जका सूचना अधिकारी सहायक संरक्षण अधिकृत नरेन्द्र अर्यालका अनुसार कृष्णपुर नगरपालिकाको दोमिल्लामा दुई, डडेल्धुराको आलिताल र चिरकिट्टेमा एक/एक गरी चार वटा क्यामेरा हराएका छन् । 'बाघ गणनाका लागि राखिएका ठाउमा क्यामेरा फेला परेका छैनन्', उनले भने, 'कसले कुन प्रयोजनका लागि निकालेर लगेको भन्नेबारे अनुसन्धान भइरहेको छ ।' उनका अनुसार निकुञ्ज क्षेत्रभित्रै एउटा क्यामेरा हात्तीले फुटालेको र अर्को राखेको ठाउँभन्दा ५० मिटर पर बाघले तानेर छाडेको भेटिएको छ ।

बाघ गणनाका लागि निकुञ्जले त्यसको आसपास क्षेत्रमा स्वचालित क्यामेरा जडान गरेको हो । शुक्लाफाँटा-लालझाडी-जोगबुढा कम्प्लेक्समा दुई किलोमिटर लम्बाइ र दुई किलोमिटर चौडाइ भएको २६० वटा ग्रीडमा विभाजन गरी बाघ गणनाको कार्य अगाडि बढाइएको थियो । निकुञ्जले ५२० वटा स्वचालित क्यामेरा जडान गरी बाघ गणनाको कार्य गरेको छ । निकुञ्जअन्तर्गतका चाँदमारी, शुक्लाफाँटा, बेलडाँडी र हिरापुर गरी चार स्थानमा, डिभिजन वन कार्यालय कञ्चनपुरअन्तर्गत तिलकेनी, बेदकोट, दोमिल्ला र डाडाजाई गरी चार र डडेल्धुराका आलिताल, नाउला र चिरकिटेमा गरी ११ स्थानमा क्याम्प राखेर बाघ गणनाको कार्य गरिएको छ ।

# घरघरमा खानेपानी पुगेपछि स्थानीय खुसी

**तनहुँ/मस**–तनहुँको बन्दीपुर गाउँपालिका-१ भैंसीगोठ खानेपानी योजनाको निर्माण पूरा भएको छ । विगत लामो समयदेखि कुवाँको पानी बोकेर खाने गरेका उक्त बस्तीको घरघरमा पानीको धारा पुगेपछि स्थानीय खुसी भएका छन् ।



गाउँपालिकाको आर्थिक सहयोग, स्थानीयवासीबाट संकलित रकम र जनश्रम गरेर उक्त योजना सम्पन्न गरिएको हो । कूल रु १९ लाख ६५ हजारको लागतमा उक्त योजना सम्पन्न भएको भैंसीगोठ खानेपानी तथा उपभोक्ता समितिका अध्यक्ष सुस्मा कार्की शाहीले जानकारी दिए ।

उक्त योजनाका लागि बन्दीपुर गाउँपालिकाबाट रु ११ लाख ५० हजार, उपभोक्ताबाट संकलित रु चार लाख ८५ हजार र रु तीन लाख ३० हजार बराबरको जनश्रम गरिएको थियो । उक्त योजनाबाट ३४ वटा धारा निर्माण गरी खानेपानी वितरण गरिएपछि त्यसक्षेत्रका ५३ घरधुरीका बासिन्दा लाभान्वित भएका छन् । बस्तीदेखि कुवा टाढा रहेका कारण पानीका लागि एक जनशक्ति नै खटाउनुपर्ने बाध्यता रहेको उपभोक्ता समिति सदस्य लक्ष्मी थापाले बताइन् ।

सोही वडास्थित खहरे खोल्साको पानी लिफ्टिङ गरेर बस्तीमा पानी वितरण गरिएको हो । खोल्साको पानी करिब ३०० मिटर उचाइमा लिफ्ट गरी ट्याङ्कीमा संकलन गरेर वितरणको व्यवस्था मिलाइएको वडाध्यक्ष भानुभक्त पोखेलले बताए ।

## एकता...

माओवादी केन्द्र अनिर्णित भएको हो । माओवादी केन्द्रको गत पुस ११ देखि १८ गतेसम्म काठमाडौंमा सम्पन्न महाधिवेशन हलबाटै पदाधिकारी चयन हुने अपेक्षा थियो ।

किनभने, महाधिवेशन प्रतिनिधिहरुले हलबाटै पदाधिकारी चयनको माग राखेका थिए । भए सहमति नभए निर्वाचनबाट पदाधिकारी चयन हुनुपर्ने उनीहरुको माग नेता बर्षमान पुन चीनमा उपचारत रहेको भनी लत्याइएको थियो । नेता पुन उपचारबाट नेपाल फर्किएको महिना दिनपछि बसेको केन्द्रीय समितिले पनि पदाधिकारी चयन गर्न सकेन । यसको पछाडि महासचिव को हुने ? भन्ने विषयले समेत काम गरेको नेताहरु बताउँछन् ।

महासचिवमा जनार्दन शर्मा र नेता पुनको मुख्य दावेदारी छ । दुई मध्ये एउटालाई महासचिव बनाएर जाँदा आगामी स्थानीय तहको निर्वाचनमा असर पर्नेतर्फ ख्याल गर्दै अध्यक्ष प्रचण्डले यो विषयलाई स्थानीय तहको चुनावपछि धकेल्ने प्रस्ताव राखे । जसलाई केन्द्रीय समिति सदस्यहरुले अनुमोदन गरेका छन् ।

प्रचण्डको प्रस्तावमा असहमति

सोमबार केन्द्रीय समितिको बैठकमा अध्यक्ष प्रचण्डले सुरुमा थप ९७ जना केन्द्रीय सदस्यको नाम प्रस्ताव गरेका थिए । तर, उक्त प्रस्तावमा केन्द्रीय सदस्यहरुले असहमति जनाए । केन्द्रीय सदस्यहरुको चर्को विरोधपछि प्रचण्ड ब्याक भए । अर्को ५० जना सदस्यको मात्रै नाम प्रस्ताव राखे । प्रचण्डको दोस्रो प्रस्तावलाई केन्द्रीय समितिले अनुमोदन गरेको छ । अर्को बैठक आगामी जेठ २० गते बस्ने गरी केन्द्रीय समितिको सकिएको छ ।

## अब...

मस्यौदा तयार पारेको हो ।
नेपाल कानून आयोगकी सचिव लीलादेवी गड्तौला (निरौला) नियमावली र संविधानको मर्म बाझिएकाले प्रश्न उठिरहेपछि संघीय कानून नै बनाएर यसको समाधानका लागि पहल गरेको बताउँछिन् ।

'नियमावली र संविधानको मर्म बाझिएपछि प्रश्न उठेकाले संघीय कानून बनाएर यसको समाधानको प्रयास गरिएको हो', कानून आयोगकी सचिव गड्तौलाले भनिन् ।

आयोगका अधिकारीहरुका अनुसार मस्यौदा कानूनलाई सम्बन्धित मन्त्रालयमा पठाउने तयारी छ ।

सम्बन्धित मन्त्रालयले मन्त्रिपरिषद्को विधेयक शाखा हुँदै संघीय संसद्को कुनै सभामा पेश गरेपछि संसद्ले संसदीय प्रक्रिया अनुसार अघि बढाउनेछ । दुबै सदनले पारित गरेपछि सभामुख हुँदै राष्ट्रपतिकहाँ पुगेर प्रमाणीकरण भएपछि कानूनका रुपमा लागू हुन्छ ।

## नारामा...

बताउँछिन् । उनले महिलाको हकअधिकार प्राप्त गर्न एक दिवसीय कार्यक्रम मात्रै आयोजना गरेर नहुने बताएका छिन् ।

कांग्रेसकी नेतृ पुष्पा भुसाल पनि काम कम, नारा र ब्यानरको प्रचार बढी भएको बताउँछिन् । हामी राजनीतिक नेतृत्वमा छौं । तर पनि हामीलाई यति धेरै चुनौती छन् भने दुरदराजका महिलाहरु अझै कति प्रताडित होलान्, अब हामीले बहसमा भन्दा बढी कानूनको कार्यान्वयनमा जोड दिनुपर्छ, नेतृ भुसालले भनिन् । उनले राजनीतिक दलमा पनि महिला नेतृत्वमा आउन ठूलै संघर्ष गर्नुपर्ने बताएकी छिन् ।

नेकपा एमालेकी नेतृ विन्दा पाण्डे पनि अझै पितृसतात्मक चिन्तन हावी हुँदा महिलाले स्थान पाउन नसकेको बताउँछिन् । 'समाज अझै पितृसत्तात्मक चिन्तनले भरिएको छ, तसर्थ समाजमा महिला हिंसाका कुरा, न्याय नपाउने अधिकार नपाउने विषय आइरहन्छन्, तसर्थ बहस भन्दा कानूनको कार्यान्वयनमा हामीले पहल गर्नुपर्छ ।' महिला अधिकारकर्मीदेखि राजनीतिको केन्द्रमा रहेका महिलाहरु समेत अधिकार नपाएको विषय चर्चामा ल्याउँछन् । तर, आफू कार्यान्वयन गर्ने ठाउँमा पुगेपछि पनि उनीहरुको गतिविधि भने चुस्त नभएको प्रष्ट देखिन्छ ।

वर्षौंनी ठूला होटल र महलहरुमा विभिन्न नारा दिएर महिला दिवस मनाए पनि समस्यामा रहेका महिलाको अवस्था भने ज्यूँकात्युँ छ । भव्य होटलमा जाने एकछिन गफ गर्ने अनि घर फर्किने प्रवृति परिवर्तन नहुने भने पीडितले न्याय नपाउने र ठूलाठालुले भाषण गर्ने विषय महिला दिवस बन्ने निश्चित छ ।

## चुनावमा...

प्रभाव नपार्नकै निम्ति माओवादी केन्द्रले आवश्यक निर्णय गरेको छ । भूगोलको इन्चार्ज तोक्ने, तर पदाधिकारी नटुंग्याउनुले पार्टी विवादकै कारण चुनावमा असर नपार्नु रहेको प्रष्ट हुन्छ । सरकारले आगामी ३० वैशाखमा स्थानीय चुनाव गर्ने निर्णय गरेको छ । त्यसैअनुसार, स्थानीय चुनावको तयारीमा निर्वाचन आयोग जुटेको छ ।

सोमबार बसेको नेकपा एकीकृत समाजवादीको बैठकले पनि स्थानीय चुनावमा केन्द्रीत हुने निर्णय गरेको छ । केन्द्रीय समितिको एजेण्डा तय गर्ने उद्देश्यले बसेको पोलिटब्यूरो बैठकले स्थानीय चुनावको तयारी थाल्ने निर्णय गरेको हो । सत्ताको नेतृत्व गरिरहेको नेपाली काँग्रेस पनि स्थानीय चुनाव केन्द्रीत गतिविधिमा जुटेको छ । सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले गठबन्धन जोगाएरै चुनावमा जानेगरी छलफल अगाडि बढाएका छन् ।

प्रमुख विपक्षी दल नेकपा एमालेले यसअघि नै स्थानीय चुनाव केन्द्रीत गतिविधिमा छ । जनप्रतिनिधिहरुको प्रदेश स्तरीय प्रशिक्षण गरिसकेको एमालेले चुनाव अगाडि सबै संरचनामा नेतृत्व परिवर्तन गरिसक्नेगरी जुटेको छ । जिल्ला, प्रदेश, सम्पर्क मञ्च र जनसंगठनहरुको नेतृत्व परिवर्तनमा एमाले जुटेको छ । प्रदेश कमिटी गठन र सञ्चालन गरिररहेको छ ।

## छिटो....

दिँदै उनले छिटो संचालन हुने विश्वास समेत दिलाए ।
यसअघि कोरोना संक्रमणको जोखिमका कारण माघको दोस्रो सातादेखि श्रमिक लैजान रोकिएकोमा हालै पुनः खुला गरिएको थियो । करिब सात हजार श्रमिक कोरिया जान छनोट भएकोमा कोरोना संक्रमणपछि ९ सय ८४ जना गइसकेका छन् ।

यसपछि मार्च १६ गते १ सय ७० जना जानेछन् । नेपालीहरु मेहनती र इमान्दार भएकोले कोरियाका रोजगारदाताको रोजाइमा पर्दै आएको एचआरडी कोरियाका नेपाल प्रतिनिधि डकले बताए । दक्षिण कोरिया जानका लागि सबै प्रक्रिया पूरा गरेका बाँकी युवालाई जतिसक्दो छिटो दक्षिण कोरिया लैजान मन्त्री श्रेष्ठले विभिन्न स्तरमा छलफल गर्दै आएका छन् ।

## एयरपोर्टको...

पीडित हुनु परेको वैदेशिक रोजगार व्यवसायीहरूको गुनासो रहँदै आएको थियो । वैदेशिक रोजगार कार्यालय ताहाचलले श्रम स्वीकृति दिने र समान हैसियतको लेवर डेस्कले त्यसको चेक गर्ने काम श्रोत, साधन तथा जनशक्तिको खर्च मात्रै भएको धेरैको टिप्पणी थियो ।

विभागका निर्देशक तथा सूचना अधिकारी भूसालले श्रम स्टिकरमा छाप लगाउनु नपरेपछि त्रिभुवन विमानस्थलस्थित विभागको लेवर डेस्कलाई सूचना तथा सहायता कक्षमा परिवर्तन गर्ने बताए । 'म्यानपावर कम्पनी, मेडिकल, बीमा, अभिमुखीकरण आदि विषयमा कामदार अलमलिएको अवस्थामा उनीहरूलाई सहायता कक्षले सहयोग गर्नेछ,' उनले भने ।

## कतारमा रोजगारको अवसर

१. कम्पनी: AL TASQEEF FOR WATER PROOF शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७७/१२/२० चलानी नं.: ६०१५६६२७ LT. No.: 238417 पून बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,८२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 5 | 0 | | 1000 | ३३,१९० | | | | | | | |

२. कम्पनी: Hill Tourist Trading and Contracting शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/१०/२० चलानी नं.: ६०१७३९५३ L.T. No.: 257258 पून बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६३,०६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 5 | 0 | | 1000 | ३३,१९० | | | | | | | |

३. कम्पनी: JAMA PLASTIC FACTORY शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३०५४ L.T. No.: 245798 पून बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | स. काममा दक्ष | 1000 | ३३,०१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: ALKATEAM RESTAURANT AND KITCHENS शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/११/०४ चलानी नं.: ६०१७४६५२ L.T. No.: 258021 पून बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४९,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: AL SRAIYA SECURITY SERVICES शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०९/३० चलानी नं.: ६०१७२७५५ L.T. No.: 256238 पून बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४९,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 60 | 9 | | 1500 | ४९,७८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १ गते (15 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@Gmail.com

# मेयर पटेलले लगाएको आरोप भ्रामकः अध्यक्ष नुरुल्लाह

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २३ फागुन

रौतहटको देवाही गोनाही नगरपालिका वडा नं. १ करुनियाका वडा अध्यक्ष शेख नुरुल्लाहले मेयर धर्मेन्द्र पटेलले लगाएको आरोप निराधार, कपोकल्पित र भ्रामक रहेको बताएका छन् ।

केही दिन अघि मात्र देवाहीनगरपालिकाका नगर प्रमुख पटेलसहित ४ जना उपभोक्ता समितिसँग ५ लाख रुपैयाँ घुस लिँदै गरेको अवस्थामा पक्राउ परेका थिए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालको टोलीले गत आइतबार साढे दुई लाख रुपैयाँ नगद र सोही बराबरको चेकसहित ५ लाख रुपैयाँ घुस लिइरहेको अवस्थामा मेयर पटेललाई उनकै कार्यकक्षबाट रङ्गेहात पक्राउ गरेको थियो ।

उक्त घुस रकमसहित पक्राउ परेका मेयर पटेल र योजना शाखा प्रमुख मुकेश पटेल, सहलेखापाल प्रदिप यादव र मेयरका सहयोगी अशोक पटेल अहिले काठमाडौंस्थित अख्तियारको नियन्त्रणमा छन् ।

अख्तियारले उनीहरुलाई नियन्त्रणमा लिएर छानविन गरिरहेको छ ।

पक्राउ परेका मेयर पटेलसहित उनका समर्थहरुले वडा नं. १ का वडा अध्यक्ष शेख नुरुल्लाहले षड्यन्त्र गरी मेयर पटेललाई फसाएको आरोप लगाइरहेका छन् ।



वडा अध्यक्ष नुरुल्लाहले आफ्ना छोरीको विहेमा नगर प्रमुख पटेलसँग ५ लाख रुपैयाँ सापटी लिएको र त्यही सापटी दिन जाँदा अख्तियारलाई बोलाएर घुस लिएको भनी आरोप लगाई मेयर पटेललाई फसाएको आरोप वडा अध्यक्ष नुरुल्लाहमाथि लागेको छ।

आफुमाथि सापटी पैसा लिएको आरोप लागेपछि वडा अध्यक्ष नुरुल्लाहले सोमबार पत्रकार सम्मेलनको आयोजना गर्दै मेयर पटेलसँग आफुले एक रुपैयाँ पनि सापटी नलिएको दावी गरेका छन् ।

फस्ने डरले आफुलाई बलजबरजस्ती निर्दोष सावित गर्न मेयर पटेलले आफुमाथि निराधार आरोप लगाएको उनको भनाइ छ ।

वडा नं. १ को वडा कार्यालय भवन निर्माणका लागि नगरबाट २० लाख रुपैयाँ बजेट विनियोजित भएको थियो। सो २० लाख रुपैयाँको भवन निर्माण कार्य सम्पन्न भएपछि उक्त योजना वापत उपभोक्ता समितिसँग मेयर पटेलले ५ लाख रुपैयाँ कमिश्न मागेको वडा अध्यक्ष नुरुल्लाहको दावी छ। उपभोक्ता समितिसँग कमिशन नलिन आफुले मेयर पटेललाई पटक-पटक आग्रह गर्दा पनि नमानेको उनले बताए ।

उनका अनुसार कमिशन पनि लिने र कसैलाई थाहा पनि हुन नदिन मेयर पटेलले आफ्ना सहयोगी अशोक पटेलको नाममा चेक काट्न लगाइएको थियो । सोही कमिशन वापतको रकम दिन जाँदा उनलाई अख्तियारको टोलीले समातेको उनले बताए । वडा नं. ६ का वडा अध्यक्ष अनिल कुमार झाले विकास निर्माणको नाममा मेयर धर्मेन्द्र पटेलले नगरपालिकामा ब्रह्मलुट मच्चाएको आरोप लगाएका छन् ।

विभिन्न योजना सञ्चालनको नाममा पटेलले करोडौं भ्रष्टाचार गरी अकुत सम्पत्ती आर्जन गरेको वडा अध्यक्ष झाले बताए । करोडौं भ्रष्टाचार गरी अकुत सम्पत्ती जोड्न सफल मेयर पटेललाई निष्पक्ष रुपमा छानविन गरी कार्यवाहीको दायरामा ल्याउन उनले अख्तियारसँग अनुरोध समेत गरे ।

योजना सञ्चालन वापत मेयर पटेलले उपभोक्ता समितिसँग खुलेआम घुस मागेको कारण अख्तियारद्वारा पक्राउ परेको उनले बताए ।

यस्ता भ्रष्टाचारीलाई हदैसम्मको कारवाही नगरेसम्म समाज र नगरमा विकास हुन नसक्ने भन्दै झाले भ्रष्टाचारीलाई अख्तियारले कसैको दबाव वा प्रभावमा नपरी निष्पक्ष छानविन गरी कारवाहीको दायरामा ल्याउनुपर्ने धारणा राखे । अख्तियारले भ्रष्ट मेयरलाई कारवाही नगरे बाध्य भएर आफुहरु आन्दोलनमा उत्रिने उनले चेतावनी समेत दिए ।

## विद्यालय बन्द गरि कांग्रेसको निर्वाचन
# समाचार संकलनमा अवरोध भएपछि पत्रकारहरु धर्नामा

**शुभनारायण कामती/मध्यान्ह**
सिरहा, २३ फागुन

सिरहाको गोलबजारमा विद्यालयको पठनपाठन ठप्प गरी नेपाली कांग्रेसको १४ औं जिल्ला अधिवेशन अन्तर्गत मतदान जारी छ ।

पठनपाठन बन्द गरि भैरहेको मतदान सम्बन्धमा समाचार संकलन गर्न पुगेका पत्रकारहरुलाई अवरोध गरिएको छ । प्रहरीले समाचार संकलन गर्न पुगेका विभिन्न संचारमाध्यम आबद्ध पत्रकारलाई मतदानको रिपोर्टिङमा अवरोध गरेपछि आन्दोलनमा उत्रेको हो ।

लोकतान्त्रिक पार्टीको जिल्ला



अधिवेशनको समाचार संकलनमा अवरोध भएपछि पत्रकारहरुले क्यामेरा लगायतका सञ्चार सामग्री राखेर आन्दोलनमा उत्रिएका छन् ।

अवरोधको विषयमा प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीलाई जिज्ञासा राख्दा सुरक्षा निकायले सुरक्षा प्रदान गरिरहेकोले पत्रकारलाई विद्यालयको परिसर वाहिरैबाट समाचार संकलन गर्न सकिने भनेर रोक्न खोजेको सिरहा संवाददाता सुरेन्द्रकुमार कामतीले बताए ।

नेपाल पत्रकार महासंघ सिरहाका सदस्य सुरेन्द्र कुमार कामतिको नेतृत्वमा विभिन्न संचारमाध्यममा आबद्ध पत्रकारहरू घर्नामा बसेका छन् ।

# पेस्तोलसहित तीन जना पक्राउ

**गणेश रावत/मध्यान्ह**
बााके, २३ फागुन

बाँकेमा पेस्तोलसहित तीन जना लागूऔषध कारोबारी पक्राउ परेका छन् । बाँकेको खजुरा गाउँपालिका वडा नं १ बहादुरपुर बस्ने गल्छी भन्ने रबिन्द्र थापाको घरबाट प्रहरीले लागूऔषधसहित पेस्तोल बरामद गरेको छ ।

थापाको घरमा लागूऔषध ब्राउनसुगर कारोबार भईरहेको सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय धनौली र प्रहरी चौकी राधापुरबाट खटिएको संयुक्त प्रहरी



टोलीले छापा मारेको थियो ।

छापा मार्नेक्रममा थापाको साथबाट ९० ग्राम ब्राउन सुगर र कालो कलरको म्यागिजन नभएको अटोमेटिक पेस्तोल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेका सुचना अधिकारी प्रहरी नायव उपरीक्षक मधुसुधन न्यौपानेले जानकारी दिए ।

थापासँगै लागूऔषध कारोबारमा संलग्न बाँकेको खजुरा गाउँपालिका वडा नं २ बस्ने २७ वर्षीय मनिस थापा र नेपालगञ्ज उपमहानगरपालिका वडा नं १३ भृकुटीनगर बस्ने २८ वर्षीय सुरेश रोका मगरलाई समेत पक्राउ गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका तीनै जनामाथि आवश्यक कारबाही प्रक्रिया अगाडि बढाएको न्यौपानेले बताए ।

# अध्यक्ष तिमिल्सिना 'सुपरम्यान जीपलाइन'मा सहभागी

**पर्वत/मस–** राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले शाहसिक खेल 'सुपरम्यान जीपलाइन'मा सहभागी भएका छन् । कार्यक्रमको शिलशिलामा गृह जिल्ला पर्वत पुगेका अध्यक्ष तिमिल्सिनाले कुस्माबजार नजिक कालीगण्डकी नदीको खोँचमा बनेको जीपलाइनमा शयर गरेका हुन् ।

हार्नेस जिपलाइन प्रालि कुस्माले सञ्चालनमा ल्याएको सुपरम्यान जीपलाइन विश्वकै दोस्रो लामो भएको कम्पनीको दाबी रहेको छ । कालीगण्डकी नदीको सतहदेखि झण्डै २५० मिटरको उचाइबाट सुरु हुने जीपलाइन १४ सय ८० मिटर लामो रहेको छ ।

अध्यक्ष तिमिल्सिनाले सोही सुपरम्यान जीपलाइनबाट १४ सय ८० मिटर दूरीको रिसोर्टमा ल्याण्ड गरेका हुन्। जीपलाइन गरेपछि प्रतिकृया दिँदै उनले एकदमै रमाइलो र शाहसिक अनुभव भएको बताए। 'आफ्नै ठाउँमा भएको शाहसिक खेलको अनुभव र आनन्द लिँदा धेरै राम्रो हुन्छ,' उनले भने, 'अहिले रमाइलो गर्ने शाहसिक खेलमा सहभागी हुनेक्रम बढेको छ। एकपटक हार्नेस जीपलाइनमा आएर अनुभव लिन म अनुरोध गर्दछु ।'

सुपरम्यान जीपलाइनमा बालबच्चादेखि वृद्धवृद्धा सम्मको आकर्षण बढेको र पोखरालगायत देशभरबाट धेरै पर्यटकले आउने इच्छा राख्दै समय बुक गराउने गरेको कम्पनीका प्रबन्ध निर्देशक सुनिलसिंह बानियाँले जानकारी दिए । 'बन्जी, स्वीङ लगायतका साहसिक खेलभन्दा जीपलाइनमा कम डर लाग्ने भएकाले



पनि आकर्षण बढेको छ,' उनले भने। जीपलाइनका लागि ३५ सय रुपैयाँ शुल्क तोकिएको छ ।

यसैबीच अध्यक्ष तिमिल्सिनाले नेपालमै पहिलो पटक बनेको सिसाको पुल(स्काईब्रिज) उद्धाटन गरेका छन् । हार्नेस जीपलाईन प्रालि कुस्माले निर्माण गरेको स्काईब्रिज उद्धाटन गरेपछि अध्यक्ष तिमिल्सिनाले जीपलाइन शयर गरेका हुन्। आन्तरिक र बाहिय पर्यटकलाई लक्षित गरी विभिन्न साहशिक खेलसँगै स्काईब्रिज निर्माण गरेको कम्पनीका निर्देशक राजकुमार बस्नेतले जानकारी दिनुभयो। कालीगण्डकी नदीको सतहदेखि झन्डै २५० मिटरको उचाइमा रहेको पुलबाट नदी र भीरको दृश्य छर्लङ देखिन्छ । पुलमा एकैपटक एक सय जना सम्मले स्काईब्रिज चढ्न सक्ने क्षमता रहेको कम्पनीले जनाएको छ।

अहिले निर्माण भएको छोटो स्काइब्रिजको सफलता र प्राविधिक पक्ष हेरेर भविष्यमा विश्वकै लामो सिसाको पुल बनाउने योजना रहेको बताइएको छ । हार्नेस प्रालिले कुस्माबजारमा नै पहिलो पटक ज्वाइन्ट स्विङ पनि सञ्चालनमा ल्याएको छ । कुश्मामा सुपरम्यान जीपलाइन नजिकै विश्वकै दोस्रो अग्लो बञ्जी तथा अग्लो स्विङ रहेका छन्। त्यसैगरी लामा र अग्ला झोलुङ्गेपुलले पनि पर्वत आन्तरिक तथा बाह्य पर्यटकको आकर्षको केन्द्र बन्दै गएको छ ।

# पत्रकार झालाई धम्की, महासंघको आपत्ति

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २३ फागुन

पत्रकार शैलेन्द्र झालाई ज्यान मार्ने धम्की दिइएको भन्दै नेपाल पत्रकार महासंघ रौतहट शाखाले आपत्ति जनाएको छ ।





महासंघ रौत्तहट शाखाका अनुसार स्वास्थ्य कार्यालय गौर रौतहटका कोल्ड निरीक्षक अधिकृत पासपत राय यादवले पत्रकार महासंघ मधेश प्रदेश कार्य समिति सदस्य झालाई ज्यान मार्ने धम्की दिएका छन्।

स्वास्थ्य कार्यालय गौरबाट पासपत यादवले ९७ लाख रुपैयाँ पेश्की लिई फर्छौट नगरेको सन्दर्भमा प्रतिक्रिया लिन खोज्दा सोमबार दिउँसो झालाई ज्यान मार्ने धम्की दिएको जनाइएको ।

तत्कालिन स्वास्थ्य कार्यालयका प्रमुख दिपेन्द्र रायको मिलोमतोमा विभिन्न कार्यक्रम संचालन गर्नका लागी पेश्की लिएको एक कर्मचारीले बताएका छन् ।

स्वास्थ्य कार्यालयका प्रमुख सुरेश राय यादवसँग सम्पर्क गर्दा ९७ लाख रुपैयाँ पेश्की पासपत राय यादवले लिएको स्वीकार गर्दै पेश्की फछ्र्यौट गर्न बारम्बार ताकेता गर्दा पनि फछ्र्यौट नगरेको कार्यालय प्रमुख यादवले बताउँदै फछ्र्यौट गर्नका लागी पत्र काटी सकेको ती कर्मचारीको भनाइ छ ।

पत्रकार झालाई ज्यान मार्ने धम्की दिइएकोप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै नेपाल पत्रकार महासंघ रौतहट शाखाले सत्यतथ्य छानविन गरी सरकारसँग कारबाहीको माग समेत गरेको छ ।

# चाँगुनारायण–थानकोट बस सञ्चालनमा

**भक्तपुर/मस–**भक्तपुरको चाँगुनारायण नगरपालिका-४ दुवाकोटबाट चन्द्रागिरी नगरपालिकाको थानकोटसम्म सोमबारदेखि सिँधै बससेवा संचालन भएको छ ।

सार्वजनिक यातायातका साधनको सहज पहुँच नपुगेको यस क्षेत्रमा भक्तपुरबाट काठमाडौं हुँदै थानकोटसम्म ऋषिसिद्धि यातायातका २२ वटा सार्वजनिक बस सञ्चालनमा आएका हुन् ।

नगर प्रमुख सोमप्रसाद मिश्रले यातायात सेवाको उद्घाटन गर्दै डिजिटल चाँगुनारायणलाई व्यवस्थित बनाउन नगरपालिकाले यो रुटमा सञ्चालन भएका यात्रुबाहक बसमा जिपिएस प्रणाली जडान गरी एप्समार्फत नियमन तथा अनुगमन समेत गरिने बताए ।

प्रमुख मिश्रले आजबाट एकैसाथ सञ्चालनमा आएका २२ वटा बसले यहाँका बासिन्दालाई यातायातमा चौतर्फी पहुँच पुगेको बताए ।

चाँगुनारायणबाट भक्तपुरहुँदै रत्नपार्क जाने बससेवा सञ्चालन भइरहेपछि मूलपानी, पेप्सीकोला हुँदै काठमाडौंसम्म जाने यातायात सेवा नहुँदा समस्या परेकामा अब यो समस्या पनि हटेको बताए ।

बस चाँगुनारायणबाट काठमाडौंको मूलपानी चौर, पेप्सीकोटा, जडीबुटी, कोटेश्वर, बानेश्वर, थापाथली, कुलेश्वर, कलंकीहुँदै थानकोटसम्म जाने र सोही रुटबाट फर्कने चाँगुनारायण नगरपालिकाका सूचना अधिकारी सिद्धान्त न्यौपानेले जानकारी दिए ।

कार्यक्रममा नगरपालिकाका तर्फबाट चाँगुनारायण-४ का वडाध्यक्ष बुद्धिलाल महर्जन र ऋद्धिसिद्धि यातायातका अध्यक्ष लवकुमार केसीले सहमति पत्रमा हस्ताक्षर गरी आदानप्रदान गरेका थिए ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **एस.सि.सि. मेनपावर कम्पनी प्रा.लि. (ई.प.नं.४८७)** ले आफ्नो साविकको ठेगाना **काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३१** लाई परिवर्तन गरी **काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ०३,** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।





**आमचोक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**वालंखा, भोजपुर**
**प्रदेश नं. १**

**भूल सुधार**

मिति २०७८/११/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**मा **दरखास्त दस्तुर रु. ५०० (पाँच सय मात्र)** हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**डिभिजन वन कार्यालय भेरी, बावियाचौर सुर्खेतको काठ, दाउरा लिलाम विक्री सम्वन्धी सूचना......**

**राष्ट्रिय दैनिकमा पहिलो पटक प्रकाशित मिति : २०७८/११/२३**

यस डिभिजन वन कार्यालय अर्न्तगत बराहताल सब-डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र पर्ने बराहताल गा.पा.-३ र ४ सुर्खेतको नरसिंहकाँडा, खाण्टे, लिस्नेपोडेखापानी, अमिलोगैरा र भित्रीखोला **राष्ट्रिय वन क्षेत्रमा आ.व. ०७७/०७८ मा उत्पादन भई प्राप्त भएको काठ, दाउरा बराहताल गा.पा. वडा नं. ३ र ४ छाप्रे र कर्णालीछाल सुर्खेतमा घाटगद्दी गरी राखेको तपसिल बमोजिमका जात र परिणामका काठ दाउरा लिलाम प्रक्रियाद्वारा विक्री वितरण गर्नुपर्ने भएकोले यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।** इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन कार्यालय समयभित्र श्री प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय सुर्खेत वा श्री प्रदेश वन निर्देशनालय कर्णाली प्रदेश सुर्खेत वा श्री डिभिजन वन कार्यालय भेरी बावियाचौर सुर्खेतबाट प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजेभित्र शिलवन्दी बोलपत्र श्री प्रदेश वन निर्देशनालय कर्णाली प्रदेश सुर्खेत वा श्री डिभिजन वन कार्यालय भेरी बावियाचौर सुर्खेतमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्वन्धी विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोरोको सुचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

| सि.नं./लट नं. | जात | थान | क्यु.फि. | कैफियत |
|---|---|---|---|---|
| १/६ | साल | १२४ | ११९८.८७ | नरसिंहकाँडा राष्ट्रिय वन |
| २/१३ | साल | १०३ | १२४१.१३ | खण्टे राष्ट्रिय वन |
| ३/२० | साल | ९२ | १२५९.३१ | लिस्नेपोडेपानी राष्ट्रिय वन |
| ४/१६ | साल | ८४ | १०१२.३४ | अमिलोगैरा भित्रीखोला राष्ट्रिय वन |

**Provincial Government**
**Ministry Of Physical Infrastructure Development**
**Urban Development and Building Office**
**Morang, Biratnagar**
**Province 1, Nepal**

**A. INVITATION FOR BID**
**(IFB):- UDBO/Morang/NCB/Works/13-2078/79**

**Date of publication : 2078/11/24 ( 8th Mar, 2022)**

Urban Development and Building Office invites E-Bid From Eligible bidder's for following works under National competitive bidding (NCB) Single Stage Single Envelope System Bidding Procedure. Bidder's may obtain further information from the PPMO web Portal www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID. | Description of works | Eastimated Amount without (Vat and cotingency) | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Bidding Procedure | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | UDBO/Morang/ NCB/Works/ 13-2078/79 | Construction of Naya Basti Tol Samudayik Bhawan . Gaighat, Udayapur | 25,52,745.48 | 75,000.00 | 3000.00 | Single-Envelope Bidding Procedure (E-Bid Only) | 2078/12/24(7th April, 2022) (12:00 hours | 2078/12/24(7th April, 2022) at 13:00 hours |

**Office Chief**

## सम्पादकीय

## पुरुषले सम्झनुपर्ने तथ्य

आज ८ मार्च । हरेक वर्षजस्तै यसपटक पनि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस विश्वभर मनाइदैछ । यसपटक यो दिवसका निम्ति 'जेण्डर इक्वालिटी टुडे फर अ सस्टनेवल टुमाउरो' निर्धारण गरिएको छ । आजको दिनलाई नारी दिवसका रूपमा समेत मनाइने गरेको छ । नारी र पुरुष प्राकृकित न्यायका दृष्टिले समान रहेकाले हरेक क्षेत्रमा समानता हुनुपर्ने नारा सहित यो दिवस मनाइने गरिन्छ । विभिन्न संघसंस्था र निकायले यो दिवस मनाउनुको अर्थ नारी सशक्तिकरण पनि हो । सामाजिक न्याय अपरिहार्य हो । तर नारी र पुरूषबीच विभेद आज पनि विश्व समुदायका निम्ति समस्या बनेको छ । तिनै समस्या हल गर्न नारी सशक्तिकरणलाई अभिप्रेरित गर्न नारी दिवस मनाउने गरिन्छ ।

नेपालमा पनि हरेक वर्ष नारी दिवस मनाइदै आएको छ । पनि हरेक राजनीतिक दल निकट महिला संगठनहरूले विभिन्न कार्यक्रम गरी यो दिवस मनाउँदैछन् । संविधानको दृष्टिमा हरेक नागरिकलाई राजनीतिक, आर्थिक र सांस्कृतिक अधिकार समान रूपले सुनिश्चित गरेकाले त्यसको कार्यान्वयन अधिकारकर्मीहरूको माग पनि हो । तर नारी हक स्थापित गर्ने नभएर विद्यमान समस्या भने नारी हिंसाका दोषीलाई कानूनी कार्बाही गरिन नसक्नु देखिन्छ । धुमधामका साथ नारी दिवस मनाइरहँदा एक नाबालिग गायिकाका आरोपित कलाकारविरूद्धको मुद्दा ज्वलन्त मुद्दा बनिरहेको छ । अभिनेता पल शाह पक्राउ परेपछि उनका समर्थकहरूको प्रदर्शन र वकालतमा उत्रनेको कमी देखिएको छैन ।

जबकी नारी हिंसाका डरलाग्दो तस्वीर राज्य संयन्त्रले राखेको छ । एकपछि अर्का महिला हिंसाका घटना सार्वजनिक हुने क्रम रोकिएको छैन । चर्चित निर्मला पन्त बलात्कारपछि हत्या प्रकरणका दोषी समातिन सकेको छैन । राष्ट्रिय लज्जाकै विषयका रूपमा निर्मला पन्त प्रकरण स्थापित भएको छ । चार वर्ष पुग्दा पनि किशोरी पन्त हत्याका दोषी फेला पर्न सकेको छैन । पन्त प्रकरणपछि पनि थुप्रै घटना सार्वजनिक भए । तर राज्य संयन्त्रले घटनाका दोषीमाथि कार्बाही चित्तबुझ्दो ढंगले गर्न सकेको छैन । त्यसैले वर्षमा पटक समानताको मागमा उत्सव मनाउनुलाई सफलता सम्झने भन्दा पनि व्यवहारमा देखिन जरूरी छ । नारीको समस्या पुरूषको पनि हो । अझ पुरूषले विभेदविरूद्ध प्रतिबद्धता जनाउने र व्यवहारमा उतार्ने नभएसम्म यस्ता दिवसको सार्थकता स्थापित हुन सक्दैन । नारी दिवसको शुभकामना !

# स्वस्थ्य जीवन : सन्तुलित आहार–विहार

**समयमा सन्तुलित खाना, प्रशस्त पानीको सेवन, अरूची हुँदाको समय खाना बर्जित, सन्तुलित व्यायाम, शारीरिक सक्दो अभ्यासबाट शरीर निरोगी हुन्छ । अधिक आयको चाहना, अधिक थकावट हुने गरी गरिने कामले शरीर सन्तुलित हुँदैन ।**

अग्रलेख




● अच्युतप्रसाद पौडेल 'चिन्तन'

मानव शरीर धर्म सञ्चय गर्ने साधन हो । यसले पापको सञ्चय गर्न थाल्यो भने सबैतिर अन्धकार हुन्छ । त्यसो त यसका ४ पुरुषार्थ छन्- धर्म, अर्थ, काम र मोक्ष । मोहको क्षय हुनु भनेको मोक्ष वा मुक्ति हो । देह भइकन विदेह हुने राजर्षी जनकको देश हो हाम्रो । तीव्र चाहनाले मोह उत्पन्न हुन्छ, यसकै कारण कोध, हिंसा, तनाव बढ्ने हो जसले अकारण शरीरको शक्ति घटाउँछ, थकावट पैदा हुन्छ । अकारण कसैप्रति इर्ष्या पैदा हुन्छ ।

शरीरका आफ्नै किसिमका प्रणाली छन्, स्वचालित हुन्छन् र पनि यसलाई आवश्यक पर्ने आहार, विहार मानिसले स्वयं मिलाउनु पर्छ । मुखमा मुस्कान जरुरी छ तर, त्यसको भरोसा भने छैन । मनलाई बुझ्न र बुझाउन जटिल छ । अकारण इन्द्रिय वशिभूत हुनाले, मन अस्थिर गर्नाले लक्ष्य प्राप्ति असहज हुन्छ । लाभसहितको लक्ष्य सबैको उद्देश्य हुन्छ । मन खुसी रहे सौन्दर्य बाहिर देखिन्छ । मन बेखुसी भए बाहिरको सौन्दर्य फिका हुन्छ । संसार रमाइलो हुँदा हुँदै पनि नरमाइलो लाग्न थाल्छ । गुलाफमा काँढा हुन्छ, पानीमा हिलो हुन्छ । संसारमा समस्या छ, समस्याका बीच तैरिएर जिउन सक्नुपर्छ । मानसिक पीडा हुनु र मानसिक रोग हुनु फरक कुरा हो । पीडालाई रोगमा परिणत गरियो भने शरीर बोझिलो हुने हो । पीडालाई पोख्नाले हलुका हुन्छ, आफन्त, अग्रज, विज्ञसँग पोख्ने हो पीडा, जतापायो त्यता पीडा पोख्नाले झन् बल्झन सक्छ र थप रोगमा परिन्छ ।

तथ्यअनुसार संसारमा एक चौथाई जति मानिस मानसिक समस्यामा छन् । कोरोना समस्या, पारिवारिक अवस्था, असहयोग, कमजोर आर्थिक अवस्था, धान्न नसकिने बजार भाउ, बेरोजगारी, ऋण, धनको कुरा, पारिवारिक असामान्जस्यता सयौं विषय छन् जसले परिवेश अनुकूल भइरहेको हुन्न । सबैतिर समस्या देखेर व्यक्तिमा नकारात्मक सोंच वृद्धि भइरहेको हुन्छ । नकारात्मक सोच आउना साथ एकान्त भएर घोत्लिनेभन्दा पनि खुलेर अरुलाई विश्वासिला पात्रहरुलाई खुलेर भन्ने गर्नुपर्छ । आफैं आफूमा गुम्साएर राखेमा त्यसले दिने परिणाम बढी गम्भिर हुन सक्छ । हो सही र सकारात्मक विचार आएमा, प्रगति, उन्नतीको सकारात्मक सोच आएमा, त्यसलाई गुप्त राख्दा राम्रो हुन्छ त्यसलाई बाहिर भन्दै हिँड्दा लक्ष्य सफल नहुन पनि सक्छ । विषपान, आत्महत्या जस्ता सोच आएमा तुरुन्तै अरुलाई भन्नुपर्छ, भुक्ने कुकुरले टोक्दैन भन्ने हाम्रो उखान पनि छ, यस्ता विचारलाई ओकल्दा मात्र पनि ती खराब विचार आफैं शमन हुन्छन् ।

यसलाई निष्कासनको नियममा पनि लगाउन सकिन्छ । मानिसको शरीरमा कुनै विषयमा पनि निष्कासनको अवरोध गर्नुहुन्न । आँसु, छिँक्का, पसिना, मलमूत्रको बेगलाई रोक्यो भने शरीर अस्वस्थ हुन्छ, पेटको समस्या, अपच, ग्याष्ट्रिक, हरमोनको गडबडी, पोस्टेट सुन्निने, आन्दामा घाउ, रक्त सञ्चारमा अवरोध धेरै जटिलताहरु निम्तिन्छन् । समयमा सन्तुलित खाना, प्रशस्त पानीको सेवन, अरुची हुँदाको समय खाना बर्जित, सन्तुलित व्यायाम, शारिरिक सक्दो अभ्यासबाट शरीर निरोगी हुन्छ । जाडो समय शरीरको विशेष हेरचाह, कपडा लगाउँदा विशेष ध्यान दिने, चिसोमा धेरै बाहिर ननिक्लने, प्रदूषणबाट बच्ने, दीर्घ रोगीहरुले चिकित्सकको सल्लाहअनुसार नियमित औषधि सेवन



> तथ्यअनुसार संसारमा एक चौथाई जति मानिस मानसिक समस्यामा छन् । कोरोना समस्या, पारिवारिक अवस्था, असहयोग, कमजोर आर्थिक अवस्था, धान्न नसकिने बजार भाउ, बेरोजगारी, ऋण, धनको कुरा, पारिवारिक असामान्जस्यता सयौं विषय छन्, जसले परिवेश अनुकूल भइरहेको हुन्न ।

गर्ने गर्नुपर्छ । खाना कम खाने, पानी बढी पिउने, पर्याप्त निद्रा, पर्याप्त आराम, शरीरले धान्न सक्ने मात्रको काम, उमेरअनुसारको तौल उचाल्ने काम गर्नुपर्छ । अधिक आयको चाहना, अधिक थकावट हुने गरी गरिने कामले शरीर सन्तुलित हुँदैन । तन बिनाको धनको केही अर्थ हुन्न, समाज सेवा बिनाको धनको पनि काम हुन्न, सकेसम्म अरुको सेवा, उपकार, परहितमा लाग्नु पर्छ । शरीर ईश्वर कृपा हो यसलाई निरोगी राख्दा नै धन, धर्मको वृद्धि गर्न सकिन्छ । फुर्सदको समय खेर पाल्नु हुन्न, असल व्यक्तिहरुको जीवनी पढ्ने, आफैले पनि लेख्ने, संगीत, कला, खेलकूद, गीत, साहित्यतिर मनलाई डोऱ्याउने गर्नुपर्छ । कल्पनाको विज्ञ भएर नै कवि हुने हो । महाकविलाई पनि राँचीसम्म लगिएको हो, मनमा पीडा नहुने कोही हुँदैन, पीडाकै पर्यायमा देवकोटा संसार प्रसिद्ध भए, सर्जकहरुको सिर्जनाले आजको संसार ढाकेको छ, कोठाभित्रै संसार पाउन सकिने भएको छ, अहिले सुविधा पर्याप्त छ ।

